परशुराम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः- २०८२/०८३
चलानी नम्बरः-2432

जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल।

मितिः २०८३/०३/२९

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री शाखा प्रमुखहरू (सबै),
परशुराम नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
जोगबुडा, डडेल्धुरा।

आज मिति २०८३ असार २९ गते बसेको कर्मचारी बैठकका निर्णयहरू यसैपत्र साथ संलग्न छन्। सोको कार्यान्वयनको प्रक्रिया यथाशीघ्र अगाडि बढाउनुहुन अनुरोध छ।

२०८३।०३।२९

(खगेन्द्र साउँद)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री प्रशासन/योजना शाखाः जानकारी एवम् आवश्यक कार्यार्थ।

फोनः ०९६४११००४, फ्याक्सः ०९६४११००४

आज मिति २०८३ साल असार २९ गते सोमबारका दिन प्रमुख प्रशासकीय अधिकृत श्री खगेन्द्र साउँदको संयोजकत्वमा आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रम कार्यान्वयनलाई व्यवस्थित एवम् प्रभावकारी बनाउन देहायका विषयहरूमा छलफल एवम् निर्णयहरू गर्न तपसिलका कर्मचारीहरूको उपस्थितिमा बैठक बसी देहायका निर्णयहरू गरियो।

<u>उपस्थितिः</u>

१. खगेन्द्र साउँद, प्र. प्र. अ.
२. रत्न बहादुर भण्डारी, पशु विकास शाखा
३. शोभा जोशी, प्रशासकीय अधिकृत
४. कालु सिंह बोहरा, कृषि विकास शाखा
५. लक्ष्मण भट्ट, प्रशासन शाखा
६. केशवराज पन्त, रोजगार शाखा
७. हरेश धामी, वन, वातावरण तथा विपद् शाखा
८. धेतराज भट्ट, अिन्जी शाखा
९. हर्क बहादुर बोहरा, सहकारी शाखा
१०. सानु देउवा, लघु उद्यम शाखा
११. रविन्द्र कोली, ईलेक्ट्रोनिक्स शाखा
१२. रमेश बहादुर साउद (MIS अपरेटर)

निर्णयहरू:-

१. शाखा र पदगत कार्यविवरण सम्बन्धमा: सबै शाखा प्रमुखहरूले आफ्नो शाखाको विस्तृत कार्यविवरण र शाखामा कार्यरत सम्पूर्ण कर्मचारीहरूको पदगत कार्यविवरण **श्रावण ४ गतेभित्र** तयारी गरी पेस गर्ने निर्णय गरियो। साथै, कार्यसम्पादन सूचक निर्धारण गर्दा कार्यसम्पादनको लक्ष्य, उपलब्धि, समयसीमा तथा मूल्यांकनका आधारहरू, अपेक्षित नतिजा समेत तयार गर्ने निर्णय गरियो।

२. नीति तथा कानूनको सूची तयारी सम्बन्धमा: सबै शाखा प्रमुखहरूले आगामी आर्थिक वर्ष २०८३/८४ मा आफ्नो शाखा सम्बद्ध तर्जुमा गर्नु पर्ने योजना, रणनीति, नीति, ऐन, नियम, कार्यविधि तथा मापदण्ड र प्रतिवेदनको सूची **श्रावण ४ गतेभित्र** तयार गरी पेस गर्ने निर्णय गरियो।

३. कार्यतालिका तयारी सम्बन्धमा: आगामी आर्थिक वर्ष २०८३/८४ मा आफ्नो शाखाबाट सम्पादन गरिने प्रमुख कार्यक्रम तथा कार्यहरूको कार्यतालिका **श्रावण ४ गतेभित्र** तयार गरी पेस गर्ने निर्णय गरियो।

४. समिति तथा कार्यदल गठन सम्बन्धमा: सबै शाखा प्रमुखहरूले आफ्नो शाखा तथा कार्य सम्बन्धमा नीति तथा ऐन कानूनको अध्ययन गरी गठन गर्नु पर्ने विभिन्न समिति तथा कार्यदल, तयार गर्नु पर्ने विवरण, तथ्यांक तथा प्रतिवेदनको सूची तयार **श्रावण ४ गतेभित्र** गरी पेस गर्ने निर्णय गरियो।

५. बेरूजु सम्बन्धमा: आर्थिक वर्ष २०८१/८२ को महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा आफ्नो शाखा सम्बन्धमा औंल्याइएका बेरूजु टिप्पणी तथा सोको सम्बोधनका लागि गर्नु पर्ने सुधार कार्ययोजना तयार गरी श्रावण ११ गते पेस गर्ने निर्णय गरियो।

६. कार्यालय तथा कर्मचारी व्यवस्थापन सम्बन्धमा: स्थापना गरिने नयाँ कार्यालय तथा जनशक्ति व्यवस्थापन सम्बन्धमा सम्बद्ध शाखाहरूले आवश्यक योजना तयार गरी पेस गर्ने निर्णय गरियो।

७. दायित्व सार्नुपर्ने विषयहरू सम्बन्धमा: चालु आर्थिक वर्ष २०८२/८३ मा शाखाबाट भुक्तानीका लागि पेस भएका तर SuTRA प्रणालीमा आएको सुस्तता तथा समस्याका कारण भुक्तानी हुन नसकेका फायलहरूको विवरण तयार गरी पेस गर्ने निर्णय गरियो।

८. बजेट कार्यान्वयन कार्ययोजना तर्जुमा सम्बन्धमा: आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन कार्ययोजना तयार गरी **श्रावण ११ गते** पेस गर्ने निर्णय गरियो।

९. सार्वजनिक खरिद सम्बन्धमा: आगामी आर्थिक वर्ष २०८३/८४ मा वडा कार्यालयहरू तथा नगर कार्यपालिकाको कार्यालयका लागि गरिने मसलन्द लगायतका खरिदको वडा तथा शाखाहरूबाट एकमुष्ट रूपमा माग गर्ने र नगर कार्यपालिकाको कार्यालयबाट एकद्धार प्रणालीबाट खरिद गर्ने निर्णय गरियो। साथै, सबै प्रकारका खरिदलाई पारदर्शी, प्रतिस्पर्धी र मितव्ययी बनाउन उपयुक्त खरिद विधिमार्फत सार्वजनिक सूचना आव्हान गरी खरिद गर्ने निर्णय गरियो।

१०. सम्पत्ति विवरण बुझाउने सम्बन्धमा: सबै कर्मचारीरूले तोकिएको समयमा सम्पत्ति विवरण भरी सम्बन्धित निकायहरूमा पठाउने निर्णय गरियो।

११. कार्यसम्पादन मूल्यांकन फाराम भर्ने सम्बन्धमा: सबै कर्मचारीहरूले चालु आर्थिक वर्ष २०८२/८३ को कार्यसम्पादन मूल्यांकन फाराम भरी सुपरीवेक्षक तथा पुनरावलोकनकर्ता समक्ष तोकिएको समयमा पेस गर्ने निर्णय गरियो।

अनसूची-१

सूचकमा आधारित कार्यसम्पादन मूल्यांकन

कार्यविवरण	लक्ष्य	सूचक	अपेक्षित उपलब्धि	समयसीमा	मूल्यांकनको आधार	जोखिम

१२. चालु आर्थिक वर्ष २०८२।८३ मा आयोजना भएका कार्यक्रमको प्रगति विवरण तयार गर्ने निर्णय गरियो।

१३. चालु आर्थिक वर्ष २०८२।८३ मा सम्पादन भएका कार्यहरुको सार्वजनिक सुनुवाई गर्न आवश्यक तयारी गर्ने निर्णय गरियो।

१४. बाँकी, LGPAS मा प्रविष्ट गरिने विवरण तथा बाँडफाँट तयार गर्ने निर्णय गरियो।